☎ ०७८-५४०१७०
०७८-५४११९६

# कावासोती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (ब.सु.पू.),
गण्डकी प्रदेश, नेपाल।

च.नं. :
प.स. : ०७७/०७८

## सुचना। सुचना।। सुचना।।

नेपालका विभिन्न क्षेत्रमा खास गरि पूर्वि तराई, चितवन र कावासोती नगरपालिकाको केहि स्थानमा समेत गाई भैसीमा ज्वरो सहित घाँटी, टाउको, कल्चौडो, खुट्टा, पाता, सुत,लगायत शरिरको अन्य भागमा डावर जस्तो गाठाहरु (Nodules) आउने, पशु झोक्राउने, खाना नखाने, दुव्लाउदै जाने, दुध उत्पादन घट्ने, खुट्टा सुनिने, घोच्याउने र मृत्यू हुन सक्ने आदि लक्षण यूक्त रोगको नमुना परिक्षण गर्दा लम्पी स्किन रोग (Lumpy Skin Disease) भएको प्रमाणित भएको हुँदा सरोकारवाला सबैमा आवश्यक सावधानीका लागि सूचित गरिन्छ। यो रोग विषाणु (Virus)बाट लाग्ने भएकाले खास उपचार नभएकोले पशुहरुमा संक्रमणको भयावह स्थिति आउन सक्छ त्यसैले उक्त संक्रमण रोक्न कावासोती नगरपालिका क्षेत्र भित्र र वाहिर अर्को सुचना नआउदाँ सम्मका लागि गाईभैसी ओसारपसार गर्न गराउन पूर्णतया रोक लगाईएको हुँदा सोही अनुसार गर्न गराउनुहुन सम्बन्धित सवैमा यो सुचना जारी गरिएको छ। साथै उक्त रोग रोकथामका लागि तपशिलका विधि अपनाउन समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपशिलः**

- पशु वाँध्ने गोठ सधै ओभाने र सफा सुग्घर राख्ने।
- गोठको वरीपरी पानी जम्न नदिने।
- गोठ भन्दा कम्तीमा पनि ३ मिटर पर मलखात राख्ने।
- भकारोमा पानी, पिसाव जम्न नदिने।
- पशुलाई भुसुना, लामखुट्टेको टोकाईबाट बचाउने।
- बिरामी पशुलाई बथानबाट अलग्गै राख्ने।
- बिरामी पशुको जुठो अरु निरोगी पशुलाई खान नदिने
- पहिला निरोगी पशुको व्यवस्था गरि अन्त्यमा रोगी पशुको स्याहारसुसार गर्ने
- मानिसको आउजाउमा नियन्त्रण गर्ने।
- बिहान वेलुका पशु बाध्ने गोठमा सावधानी पूर्वक धुवाँ लगाउने जसले गर्दा लामखुट्टे, भुसुनाले पशुलाई टोक्न नपाओस।
- पानी जमेको स्थानमा मट्टितेल, फिनेल छर्केर भुसुना, लामखुट्टे आदिलाई मार्ने/ भगाउने।

२०७७/४/२०
...........................
चन्द्रकुमारी पुन
नगर प्रमुख

चन्द्रकुमारी पुन
नगर प्रमुख